# प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

*(संवत् २०७८ साल पुस २१ गतेसम्म भएका संशोधनहरू समेत मिलाइएको)*

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**
**२०७८।०८।०६**

<u>संशोधन</u>

प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७८ — २०७८।०९।२९

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**<u>प्रस्तावनाः</u>** बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को बजेट बक्तव्यको बुँदा नं. ३९ मा प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम रहेको र सो कार्यक्रम अन्तर्गत स्वास्थ्य क्षेत्र तर्फको कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी, पारदर्शी एवं जवाफदेही रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम "प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा सूचना प्रकाशन भएपछि लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम स्वास्थ्य

क्षेत्रमा सञ्चालन हुने प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रम अन्तर्गत सञ्चालन हुने स्वास्थ्य क्षेत्रका पूर्वाधार निर्माणका कार्यक्रमलाई समेत जनाउँछ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले जिल्ला समन्वय समितिको कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय वा नगर कार्यपालिकाको कार्यालय वा उपमहानगरपालिकाको कार्यालय वा महानगरपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "कार्यालय प्रमुख" भन्नाले जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ। सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँछ।

(च) "स्वास्थ्य संस्था" भन्नाले सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत अस्पताल, प्रदेश अस्पताल, स्वास्थ्य कार्यालय,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र वा अन्य सरकारी स्वास्थ्य संस्था समेतलाई जनाउँछ।

(छ) "निर्वाचन क्षेत्र" भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिम कायम भएको निर्वाचन क्षेत्र सम्झनु पर्छ।

(ज) "निर्देशक समिति" भन्नाले दफा ५ बमोजिम गठित कार्यक्रम निर्देशक समिति सम्झनु पर्छ।

(झ) "प्रदेश सभा सदस्य" भन्नाले बागमती प्रदेशका प्रदेश सभा सदस्य सम्झनु पर्छ।

३. **कार्यक्रम परामर्श समितिः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको कार्यान्वयन र व्यवस्थापनको कार्यलाई समन्वय तथा सहजीकरण गर्न नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिम प्रदेश सभा सदस्यको निर्वाचन क्षेत्रमा देहाय बमोजिमको एक कार्यक्रम परामर्श समिति रहनेछः-

(क) प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य -संयोजक

(ख) समानुपातिक प्रदेश सभा सदस्य -सदस्य

(ग) जिल्ला समन्वय समितिका प्रमुख र उप-प्रमुख -सदस्य

(घ) प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्यको निर्वाचन क्षेत्रभित्रका स्थानीय तहका प्रमुख उपप्रमुखहरू -सदस्य

(२) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाको सदस्य आफूले चाहेको प्रदेशभित्रको कुनै

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

एक निर्वाचन क्षेत्रको उपदफा (१) बमोजिमको समितिको सदस्य हुन सक्नेछ।

*(३) उपदफा (२) बमोजिमका प्रदेश सभाका सदस्यले आफू सदस्य हुन चाहेको निर्वाचन क्षेत्र खुलाई पुस मसान्तभित्र सम्बन्धित मन्त्रालय र जिल्ला समन्वय समितिको कार्यालयमा लिखित रूपमा जानकारी दिनु पर्नेछ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिमको निर्वाचित प्रदेश सभाको सदस्य निलम्बन भएको वा कुनै कारणले त्यस्तो पद रिक्त भएको अवस्थामा खण्ड (ख) बमोजिमको ज्येष्ठ सदस्यले संयोजकको रूपमा कामकाज गर्नेछ।

(५) यस दफा बमोजिमको समितिले यस कार्यविधि अन्तर्गत सञ्चालन हुने स्वास्थ्य सम्बन्धी कार्यक्रमका सम्बन्धमा परामर्श लिन सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, आयुर्वेद स्वास्थ्य केन्द्र र प्रदेश अस्पतालको प्रमुख तथा सम्बन्धित बिषय बिज्ञलाई बैठकमा सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(६) जिल्ला समन्वय अधिकारीले उपदफा (१) बमोजिमको समितिको सचिव भई काम गर्नेछ।

४. **कार्यक्रम परामर्श समितिको काम, कर्तव्य र अधिकारः** (१) कार्यक्रम परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम निर्वाचन क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको समन्वय र सहजीकरण गर्ने,

---

* पहिलो संशोधनद्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) आफ्नो निर्वाचन क्षेत्रभित्र यस कार्यविधि बमोजिम लागत साझेदारी हुन सक्ने कार्यक्रमहरूको विवरण सङ्कलन गरी निर्देशक समितिलाई उपलब्ध गराउने,

(ग) कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहजीकरण गर्ने, र

(ङ) कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशक समितिलाई आवश्यक सल्लाह तथा सहयोग उपलब्ध गराउने।

(२) कार्यक्रम परामर्श समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउनेछ।

(३) कार्यक्रम परामर्श समितिको बैठक सम्बन्धी कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ।

५. **<u>कार्यक्रम निर्देशक समितिः</u>** (१) यस कार्यविधि बमोजिम कार्यक्रमको छनोट, कार्यान्वयन र अनुगमन गर्न प्रत्येक निर्वाचन क्षेत्रमा दफा ३ बमोजिमको कार्यक्रम परामर्श समितिको संयोजकको संयोजकत्वमा सो दफाको उपदफा (१) को खण्ड (ख) र निर्वाचन क्षेत्र भित्रका स्थानीय तहका प्रमुख सदस्य रहेको एक कार्यक्रम निर्देशक समिति रहनेछ।

(२) यस दफा बमोजिमको समितिमा निर्देशक समितिको संयोजकले आवश्यक ठानेमा स्वास्थ्य सम्बन्धी कार्यक्रमको छनोट, कार्यान्वयन र अनुगमन सम्बन्धमा मात्र सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, आयुर्वेद स्वास्थ्य केन्द्र  र प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अस्पतालको प्रमुखलाई आमन्त्रण गर्न सक्नेछ।

(३) जिल्ला समन्वय अधिकारीले निर्देशक समितिको सचिव भई काम गर्नेछ।

६. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस निर्देशिका बमोजिम सञ्चालन हुने कार्यक्रम छनोटको मापदण्ड तयार गर्ने,

(ख) दफा ८ बमोजिम छनोट भएका कार्यक्रम स्वीकृत गर्ने,

(ग) स्वीकृत भएका कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय, कार्यालय र सम्बन्धित स्थानीय तहमा लेखी पठाउने, र

(घ) कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित अनुगमन र आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्ने ।

७. **<u>निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधिः</u>** (१) निर्देशक समितिको बैठक आवश्यकता अनुसार सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा बस्नेछ ।

(२) बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा ३ दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(३) जिल्लाका एकभन्दा बढी निर्वाचन क्षेत्रका साझा कार्यक्रम छनोट गरी कार्यान्वयन गर्नु पर्ने भएमा त्यस्तो जिल्ला भित्रका निर्देशक समितिहरुको संयुक्त बैठक बस्न सक्नेछ। त्यस्तो संयुक्त बैठकको निर्णय बमोजिम कार्यक्रम छनोट गरी कार्यान्वयन गर्न सकिनेछ।

(४) निर्देशक समितिको बैठकमा संयोजक बाहेकका अन्य कुनै सदस्यको अनुपस्थितका कारणले मात्र समितिको काम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कारबाहीमा वाधा पुग्नेछैन।

(५) निर्देशक समितिको निर्णय सदस्यहरुको परामर्शमा सर्वसम्मतिबाट हुनेछ।

(६) उपदफा (५) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा यस कार्यविधि बमोजिमका कार्यक्रम छनोट गर्दा रु. ३ करोडको २० प्रतिशतले हुने रकम बराबरको कार्यक्रम छनोटमा प्रत्यक्ष तर्फ निर्वाचित सदस्यको र रु. १ करोडको २० प्रतिशतले हुने रकम बराबरको कार्यक्रम छनोटमा समानुपातिक तर्फ निर्वाचित सदस्यको निर्णय नै निर्देशक समितिको निर्णय हुनेछ ।

(७) निर्देशक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **<u>रकमको बाँडफाँटः</u>** (१) चालु आर्थिक वर्ष २०७८/७९ मा स्वीकृत प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रममा विनियोजित रकम रु. २ अर्ब ४२ करोड मध्ये स्वास्थ्य क्षेत्र तर्फ स्वास्थ्य उपकरण खरिद र स्वास्थ्य पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमको लागि २० प्रतिशत रकम बाँडफाँट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बाँडफाँट भएको रकम मध्ये प्रत्येक निर्वाचन क्षेत्रमा प्रति प्रत्यक्ष निर्वाचित सदस्य बराबर रू ३ करोडको २० प्रतिशत र प्रति समानुपातिक सदस्य बराबर रू १ करोडको २० प्रतिशत रकम बाँडफाँट गर्नु पर्नेछ ।

९. **<u>कार्यक्रमको छनोटः</u>** (१) यस कार्यविधि बमोजिम कार्यक्रम छनोट गर्दा अनुसूची-१ बमोजिमको विवरणका आधारमा अनुसूची-२ मा उल्लेखित कार्यक्रमहरुमध्ये छनोट गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम छनोट गर्दा एक आर्थिक वर्षभित्र सम्पन्न गर्न सकिने कार्यक्रम मात्र छनोट



आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यक्रम छनोट गर्दा संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन भएका कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनोट गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कार्यक्रम छनोट गर्दा दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको सदस्यले न्यूनतम रु. ५ लाख लागत भएका अधिकतम ६ वटा र दफा ३ को उपदफा (१) खण्ड (ख) बमोजिमको सदस्यले न्यूनतम रु. ५ लाख लागत भएका अधिकतम २ वटासम्म कार्यक्रम छनोट गर्नु पर्नेछ।

*(५) निर्देशक समितिले उपदफा (१) मा उल्लिखित कार्यक्रम मध्येबाट यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमहरू माघ ७ गतेभित्र छनोट गरिसक्नु पर्नेछ।

(६) जिल्ला समन्वय समितिको कार्यालयले अनुसूची-१ बमोजिम छनोट भएका कार्यक्रमको अनुसूची-३ बमोजिमको कार्यान्वयन तालिका सहितको विवरण अनुसूची-४ बमोजिमको ढाँचामा कार्यक्रम कार्यान्वयन हुने मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित कार्यालय र सम्बन्धित स्थानीय तहमा माघ १५ गतेभित्र पठाई सक्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिम छनोट भएका कुनै कार्यक्रमको सम्झौता माघ महिनाभित्र हुन नसकेमा संयोजकले सो कार्यक्रम परिवर्तन गरी फागुन १५ गतेभित्र सोही निर्वाचन क्षेत्र अन्तर्गतको अर्को कार्यक्रम छनोट गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम कार्यक्रम परिवर्तन भएको जानकारी फागुन २० गतेभित्र मन्त्रालय, सम्बन्धित प्रदेश लेखा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

* पहिलो संशोधनद्वारा संशोधित।

नियन्त्रक कार्यालय तथा सम्बन्धित स्थानीय तहमा समेत दिनु पर्नेछ।

(९) निर्देशक समितिले यस कार्यविधि बमोजिम एकभन्दा बढी स्थानीय तह वा निर्वाचन क्षेत्रमा पर्ने कार्यक्रम कार्यान्वयन कुनै एउटा स्थानीय तहबाट हुने गरी वा कामको परिमाणको आधारमा सम्बन्धित स्थानीय तहहरूमा विभाजन गरी तोक्न सक्नेछ।

(१०) यस कार्यविधि बमोजिम मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहमा कार्यक्रम छनोटको विवरण उपलब्ध गराउने जिम्मेवारी जिल्ला समन्वय अधिकारीको हुनेछ।

(११) यस कार्यविधि बमोजिम कार्यक्रम छनोट गर्दा गुणस्तरीय स्वास्थ्य सेवा प्रबर्धन तथा कोभिड पुनर्स्थापना सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ।

(१२) यस कार्यविधि बमोजिम कार्यक्रम छनोट गर्दा वन क्षेत्रको प्रयोग हुने गरी गर्न पाइने छैन।

१०. **कार्यक्रम साझेदारी गर्न सकिने**: (१) यस कार्यविधि अन्तर्गत छनोट भएका कार्यक्रममा सम्बन्धित स्थानीय तहबाट वित्तीय साझेदारी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम साझेदारी गर्दा निर्देशक समितिले लागत साझेदारी गर्ने स्थानीय तहसँग समन्वय गरी साझेदारी गर्न सकिने रकम र साझेदारीको ढाँचा समेत यकिन गर्नु पर्नेछ।

(३) कार्यालयले उपदफा (१) बमोजिमको रकम समेत समावेश गरी कार्यक्रमको लागत अनुमान तयार गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको स्थानीय तहबाट वित्तीय साझेदारी हुने भएमा लागात साझेदारीको न्यूनतम अंश लगायत

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

साझेदारीको मोडालिटी तय गर्ने जिम्मेवारी निर्देशक समितिको हुनेछ।

(५) निर्देशक समितिले लागत साझेदारी बढी हुने कार्यक्रम छनोट गरी कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ।

११. **कार्यक्रम सञ्चालन तथा कार्यान्वयनः** (१) यस कार्यविधि बमोजिम कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन गर्दा कार्यालय प्रमुखले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम बमोजिम गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम निर्माण हुने पूर्वाधार निर्माण गर्दा महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिले समेत प्रयोग गर्न सक्ने गरी गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन हुने कार्यक्रमहरू उपभोक्ता समितिले ठेक्का वा अन्य कुनै तरिकाबाट अन्य व्यक्ति वा संस्था मार्फत काम गराएको पाइएमा समितिले त्यस्तो कार्यक्रम रद्द गरी यस कार्यविधि अनुसार छनोट भएका अर्को कार्यक्रमलाई रकम उपलब्ध गराउन सक्नेछ।

(४) यस कार्यविधि बमोजिमका कार्यक्रम तथा कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रम  स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेतको जानकारी सम्बन्धित कार्यक्रम  स्थल, कार्यालयको सूचनापाटी तथा वेवसाइटमा समेत राखु पर्नेछ।

१२. **कार्यक्रम कार्यान्वयनको जिम्मेवारीः** (१) यस कार्यविधि  बमोजिम कार्यान्वयन हुने कार्यक्रमहरू तोकिएको गुणस्तर र समयमा कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयनको लागि प्राप्त कार्यक्रम कार्यान्वयन नगरेमा सम्बन्धित कार्यालय प्रमुख जिम्मेवार

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

हुनेछ।

(३) सम्बन्धित कार्यालय प्रमुखले कार्यक्रम कार्यान्वयनको वित्तीय तथा भौतिक प्रगतिको जानकारी नियमित रूपमा निर्देशक समिति तथा सोको संयोजक र मन्त्रालयलाई दिनु पर्नेछ र यस्तो विवरण कार्यालयको वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

१३. **<u>रकम निकासा सम्बन्धी व्यवस्थाः</u>** (१) छनोट भएका सम्पूर्ण कार्यक्रमका स्थानीय तहगत विवरण मन्त्रालयमा प्राप्त भएपछि सम्बन्धित स्थानीय तहलाई रकम हस्तान्तरणको व्यवस्था मिलाइनेछ।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि मन्त्रालयले प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार कार्यक्रम कार्यान्वयन गर्ने गरी अनुसूची-३ बमोजिम हुन आउने रकम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित मन्त्रालय अन्तर्गत कार्यालय वा स्थानीय तहमा रकम निकासाको व्यवस्था मिलाउनेछ।

(३) निर्देशक समितिले यस कार्यविधि बमोजिम कार्यक्रम छनोट गरी पेश गरी सकेपछि प्रदेश सभा सदस्यको कार्यकाल समाप्त भएता पनि सम्बन्धित आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी कार्यक्रम कार्यान्वयन तथा रकम निकासा गर्न बाधा पर्ने छैन।

१४. **<u>कार्यक्रमको अनुगमनः</u>** (१) यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने कार्यक्रमको अनुगमन गर्ने जिम्मेवारी निर्देशक समितिको हुनेछ। निर्देशक समितिले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्न निर्देशक समितिको कुनै सदस्यलाई तोक्न सक्नेछ ।

(२) निर्देशक समितिले उपदफा (१) बमोजिम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

अनुगमनको लागि प्रतिनिधि तोकेमा त्यस्तो प्रतिनिधिले कार्यक्रमको अनुगमन गरी सम्बन्धित स्थानीय तह, निर्देशक समिति र निर्देशक समितिका संयोजकलाई नियमित रूपमा प्रतिवेदन दिनु पर्नेछ।

(३) कुनै कार्यक्रम कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा निर्देशक समितिले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि विशेष अनुगमन टोली गठन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम विशेष अनुगमन टोलीको प्रतिवेदन निर्देशक समितिमा पेश गर्नु पर्नेछ र निर्देशक समितिको निर्णयको आधारमा सम्बन्धित कार्यालय प्रमुखले कार्यन्वयन गर्नु पर्नेछ।

(५) उपदफा (२) र (३) बमोजिम अनुगमन तथा जाँचबुँझ गरी दिइएको सुझाव कार्यान्वयन गर्नु गराउनु सम्बन्धित प्रमुखको कर्तव्य हुनेछ।

१५. **<u>सार्वजनिक परीक्षणः</u>** यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमहरू प्रभावकारी बनाउन कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम सार्वजनिक परीक्षणका विधि अवलम्बन गरी सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

१६. **<u>कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः</u>** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम छनोट गर्न, कार्यक्रम समन्वय गर्न, प्रतिवेदन गर्न प्रशासनिक खर्चको रूपमा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम मन्त्रालयले अनुसूची-५ बमोजिम हुन आउने रकम सम्बन्धित जिल्ला समन्वय समितिलाई उपलब्ध गराउन पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकम कानून बमोजिम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कार्यक्रमसँग सम्बन्धित काममा मात्र खर्च गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त रकमको कानून बमोजिम श्रेस्ता राख्ने, प्रतिवेदन गर्ने आन्तरिक र अन्तरिम लेखापरीक्षण गराउने जिम्मेवारी जिल्ला समन्वय अधिकारिको हुनेछ।

१७. **<u>लेखा र लेखा परीक्षणः</u>** (१) कार्यक्रम कार्यान्वयनको लागि प्राप्त रकम तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकमको श्रेस्ता राख्ने र प्रतिवेदन गर्ने, आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ।

१८. **<u>कार्यक्रम प्रगति प्रतिवेदनः</u>** कार्यालय प्रमुखले कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धित मन्त्रालय, जिल्ला समन्वय समितिको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा महिना समाप्त भएको मितिले सात दिनभित्र पठाउनु पर्नेछ।

१९. **<u>मन्त्रालयले निर्देशन दिन र अनुगमन गर्न सक्नेः</u>** सम्बन्धित मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रमको कार्यान्वयनलाई थप पारदर्शी, जबाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन र अनुगमन गर्न सक्नेछ। त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ।

२०. **<u>आवश्यक व्यवस्था गर्नेः</u>** यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले आवश्यक व्यवस्था मिलाउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

अनुसूची -१

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**<u>कार्यक्रमको विवरण</u>**

१. कार्यक्रमको नाम :.............................

२. कार्यक्रम माग गर्ने व्यक्ति/ निकाय:

☐ प्रदेश सभा सदस्य ☐ स्थानीय तह ☐ अन्य निकाय

३. कार्यक्रम सञ्चालन हुने जिल्लाको नाम :.................................

४. कार्यक्रम सञ्चालन हुने प्रदेश निर्वाचन क्षेत्र :.............................

५. कार्यक्रम सञ्चालन हुने स्थानीय तहको नाम :...................................

६. वडा नंः ..................

७. कार्यक्रमबाट प्राप्त हुने लाभहरुः ...............

८. अनुमानित लागत :....................................

९. लाभग्राहीको संख्या:.....................................

१०. कार्यक्रम अन्तर्गत गरिने मुख्य क्रियाकलापहरु

(क)

(ख)

(ग)

(घ)

११. कार्यक्रम सम्पन्न हुन लाग्ने अनुमानित समय:

☐ २ महिना ☐ ४ महिना ☐ ६ महिना

१२. कार्यक्रमसँग सम्बन्धित मन्त्रालय वा निकाय

☐ ............................ मन्त्रालय कार्यालय

☐ ............................पालिका

☐ ............................कार्यालय

१३. कार्यक्रमको कार्यान्वयन विधि

☐ ठेक्का मार्फत्

☐ सामाजिक संघ संस्था मार्फत्

☐ सार्वजनिक निजी साझेदारी मार्फत्

☐ सार्वजनिक सहकारी साझेदारी मार्फत्

☐ उपभोक्ता समिति मार्फत्

☐ अमानत मार्फत्

☐ अन्य मार्फत्

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-२

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**छनोट गर्नुपर्ने आयोजनाहरु**

(१) स्वास्थ्य पूर्वाधार निर्माणः- स्वास्थ्य संस्थाका लागि स्वास्थ्य पूर्वाधार निर्माण सम्बन्धी देहायको आयोजनाः-

(क) प्रिफ्याव स्टोर, योगा, बैठक तथा तालिम हल/कक्ष निर्माण,

(ख) प्रिफ्याव भवन र कोठाहरु निर्माण,

(ग) खोप सेसन सञ्चालन गर्न खोप केन्द्र निर्माण,

(घ) सुरक्षित प्रसूतिका लागि प्रसूती भवन निर्माण,

(ङ) विरामीहरुको लागि प्रतिक्षालय तथा ट्रस निर्माण,

(च) स्वस्थ खानेपानी व्यवस्थापनका लागि डिप बोरिङ्ग प्रणाली जडान,

(छ) स्वास्थ्य र सरसफाइका लागि ढल निकास अन्य व्यवस्था गर्न ।

(२) स्वास्थ्य उपकरण खरिदः- स्वास्थ्य संस्थाका लागि स्वास्थ्य उपकरण खरिद सम्बन्धी देहायको आयोजनाः-

(१) ग्रामिण स्तरका लागि पोर्टेवल अल्ट्रासाउण्ड उपकरण खरिद,

(२) अक्सिजन कन्सन्ट्रेटर खरिद (५, १० र १५ लिटरका),

(३) पोर्टेवल र डिजिटल एक्स रे खरिद,

(४) अस्पतालका लागि एम्बुलेन्स खरिद,

(५) अस्पताल फोहोर व्यवस्थापनका लागि अटोक्लेभ अन्य सम्बन्धित उपकरणहरु,

(६) खोप भण्डारण गर्न आईएलआर फ्रीज/डिफ्रीज, कोल्ड बक्स खरिद,

(७) माइक्रोस्कोप खरिद र सो सँग सम्बन्धित एक्सेसोरिज खरिद,

(८) बर्थिङ सेन्टरको लागि एसी तथा कुलर खरिद,

(९) स्वास्थ्य संस्थामा सोलार सिस्टम जडान,

(१०) हस्पिटल बेड र सो सँग सम्बन्धित एक्सेसोरिज खरिद,

(११) विमारी मोनिटर उपकरण र सो सँग सम्बन्धित एक्सेसोरिज खरिद,

(१२) NICU र PICU कक्षका लागि आवश्यक औजार उपकरणहरु,

(१३) डेन्टल सेवासँग सम्बन्धित उपकरणहरु ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-३

(दफा ९ को उपदफा (६) र दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

## **प्रदेश पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन तालिका**

(जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पठाउने विवरण)

जिल्ला ......................... प्रदेश निर्वाचन क्षेत्र नं. ...........

| क्र. सं. | सञ्चालन हुने कार्यक्रमको नाम | सञ्चालन हुने स्थानीय तह, वडा नं. र टोल | लक्ष्यको एकाई | कार्यक्रम कार्यान्वयन हुने समयावधि | लागत रकम (क) | लागत साझेदारीबाट ब्यहोरिने रकम | | | कूल जम्मा (क+ख+ग) | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थानीय तहबाट (ख) | अन्य (ग) | जम्मा (ख+ग) | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-४

(दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

**जिल्ला समन्वय समितिको कार्यालयले मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहमा पठाउनु पर्ने विवरण**

आर्थिक वर्षः २०७..../०७...

जिल्लाः ...   ... ... ...निर्वाचन क्षेत्र नं.: ... ... ... प्रदेशः ... ... ... ...

| क्र.सं. | कार्यक्रम सञ्चालन हुने स्थानीय तह | आयोजनको सङ्ख्या | कार्यक्रमको जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १. | ............................पालिका | | | |
| २. | ............................पालिका | | | |
| ३. | ............................पालिका | | | |
| ४. | ............................पालिका | | | |
| ५. | ............................पालिका | | | |
| ६. | ............................पालिका | | | |
| ७. | ............................पालिका | | | |
| ८. | ............................पालिका | | | |
| ९. | ............................पालिका | | | |
| १०. | अनुसूची-५ बमोजिम जिल्ला समन्वय समितिको प्रशासनिक खर्चको रकमः | | | |
| | निर्वाचन क्षेत्रको जम्माः | | | |

**नोटः** कुनै कार्यक्रम एक भन्दा बढी स्थानीय तहको क्षेत्रभित्र पर्ने भएमा त्यस्तो कार्यक्रम कार्यान्वयनको लागि समितिले कुनै एउटा स्थानीय तहमा पठाउन वा कामको परिमाण अनुसार सम्बन्धित स्थानीय तहमा रकम बाँडफाँट गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-५

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**जिल्ला समन्वय समितिको लागि प्रशासनिक खर्चको रकम**

| क्र. सं. | विवरण (जिल्लामा कायम रहेका प्रदेश संसदको निर्वाचन क्षेत्र) | प्रशासनिक खर्च (सम्बन्धित निर्वाचन क्षेत्रको लागि विनियोजन भएको रकमको आधारमा) |
|---|---|---|
| १. | दुई वटा निर्वाचन क्षेत्र भएको जिल्ला | १.२५% (एक दशमलब दुई पाँच प्रतिशत) |
| २. | चार वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.९०% (शून्य दशमलब नौ प्रतिशत) |
| ३. | छव टा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.७०% (शून्य दशमलब सात प्रतिशत) |
| ४. | आठ वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.६०% (शून्य दशमलब छ प्रतिशत) |
| ५. | दश वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.५५% (शून्य दशमलब पाँच पाँच प्रतिशत) |
| ६. | बाह्र वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.५०% (शून्य दशमलब पाँच प्रतिशत) |
| ७. | बीस वटासम्म निर्वाचन क्षेत्र भएको जिल्ला | ०.४०% (शून्य दशमलब चार प्रतिशत) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश